# महाशिला गाँउपालिका

# स्थानीय राजपत्र

## खण्ड २, संख्या ४, चैत्र २ गते, २०७६ साल

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महाशिला गाँउ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग २

## महाशिला गाउँपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७६

**गाउँ कार्यपालिकाबाट पारित मिति : २०७६।११।२८**

## प्रस्तावना :

भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ यातायात, सिचाईको पहूँच ग्रामीण क्षेत्रसम्म पुर्‍याउने गाउँपालिकाको लक्ष्य पनि हो । यस गाउँपालिकाले प्रत्येक आ.व.मा संचालन गर्दै आएका योजना, विकास निर्माणका क्रियाकलाप तथा भौतिक पूर्वाधारहरुको

मर्मत तथा संभार गरि दिगो विकासको निरन्तरताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि गाउँपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि-२०७६ तर्जुमा गरि लागु गरिएको छ ।

# १. संक्षिप्त नाम र प्रारंभ :

क) यो निर्देशिकाको नाम "मर्मत सभार कोष संचालन कार्यविधि २०७६"

रहने छ ।

ख) यो कार्यविधि तत्काल लागु हुनेछ ।

# २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिः-

क) "मर्मत संभार" भन्नाले महाशिला गाउँपालिकाले सञ्चालन गरेको सवै प्रकृतिका योजनाहरुको नियमित मर्मत संभार, स्तरोन्नती गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ख) "कार्यविधि" भन्नाले

मर्मत सम्भार कोष संचालन कार्यविधि- २०७६ लाई सम्झनु पर्दछ ।

ग) "गाउँपालिका" भन्नाले महाशिला गाउँपालिका सम्झनु पर्दछ ।

घ) "सचिव" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) "स्थानीय तह " भन्नाले महाशिला गाउँपालिकालाई सम्झनु पर्दछ ।

च) "भौतिक पूर्वाधार" भन्नाले गाउँपालिका भित्रका सडक, झोलुंगे पुल, पुलेसा, खानेपानी, सिँचाई, तटवन्धन क्षेत्र, सरकारी भवन विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाहरु साथै पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्र वा सो जन्य पूर्वाधार भनि सम्झनु पर्दछ ।

छ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिःहरुको समुहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र र्मसत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ र सो समूहले लाभग्राही समूहलाई समेत जनाउँदछ ।

ज) "गैरसरकारी संस्था" भन्नाले यस निर्देशिकाको प्रयोजनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएको र स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखि कार्य सञ्चालन गर्ने गैर नाफामुलक संस्था सम्झनु पर्दछ ।

झ) "विकास साझेदार" भन्नाले नेपाल सरकारँग भएका सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षिय दातृ निकाय, संयुक्त राष्ट्रसंघिय निकायहरु तथा अन्राष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्दछ ।

ञ) "भुक्तानी रकम" भन्नाले निर्माण भएको सडकको भुक्तानी हुँदा गाउँपालिका अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिताको रकमलाई समेत जनाउँदछ ।

# ३. व्यवस्थापन समिति

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष वयवस्थापन समिति रहने छ :

| | |
|---|---|
| १ गाउँपालिकाको अध्यक्ष | संयोजक |
| २ प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ लेखा प्रमुख | सदस्य |
| ४ प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |

ख) समितिको बैठक कम्तिमा ४ महिनामा एकपटक बस्ने छ तर आवश्यक परेमा जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग) वैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा सम्वद्द विशेषज्ञलाई आमन्त्रण गरि आमन्त्रितको रुपमा राख्न सकिनेछ ।

# ४. व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार :

१) व्यवस्थापन समितिको निम्नानुसारको काम कर्तव्य र अधिकार हुनेछ :

क) गाउँपालिकामा रहेको सडकहरुको प्राथमिकता तोकि मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउने ।

ख) मर्मत संभार कोषमा रकम जम्मा गर्नको लागि स्रोत र साधनको खोजी गर्ने ।

ग) मर्मत संभारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजी गर्ने ।

घ) सडक, झोलुंगे पुल, पेलेसा, खानेपानी, सिंचाई र तटवन्धन क्षेत्रहरुको नियमीत मर्मत संभार, स्तरोन्नती सम्वन्धि व्यवस्थापकीय कार्यहरु गर्ने ।

ङ) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाहरु साथै पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्रहरुको नियमित मर्मत संभार, स्तरोन्नती सम्वन्धि व्यवस्थापकीय कार्यहरु गर्ने ।

च) मर्मत संभार गर्दा लाग्ने खर्चमा न्यनिकरण गर्न तत् सम्वन्धि कार्ययोजना बनाउने ।

छ) मर्मत संभार कार्यलाई प्रभावकारी बनाउने ।

ज) मर्मत संभार सम्वन्धि कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

# ५ कोष स्थापना

मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना : १) मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ जसमा देहाय बमोजिमका रकम जम्मा हुनेछ :

क) नेपाल सरकारबाट मर्मत संभारको लागि तोकी दिएको रकम ।

ख) प्रदेश सरकारबाट मर्मत संभारको लागि प्राप्त हुने रकम ।

ग) स्थानीय गैरसरकारी संस्थाबाट मर्मत संभारको लागि प्राप्त रकम ।

घ) विकास साझेदारहरुबाट मर्मत संभारको लागि प्राप्त हुने रकम ।

ङ) गाउँपालिकाबाट संचालन भएका योजनाको भुक्तानी हुँदा कन्टेन्जेन्सी वापतको र

च) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरि तोकी दिएको रकम ।

# ६. कोष सञ्चालन :

क) कोषको नाममा प्राप्त हुन आएका रकम महाशिला गाउँपालिकाको मर्मत संभार कोषको नाममा खाता खोली जम्मा गरिने छ ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ । तर गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखा नभएको खण्डमा प्रचलित ऐन तथा नियम अनुसार आन्तरिक लेखा परीक्षण गर्नुपर्नेछ ।

घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

# ७. योजना छनौट तथा कार्यान्वयन प्रकृया

१) मर्मत संभार कोषमा जम्मा हुन आएको रकम देहायको प्रकृया मार्फत योजना छनौट तथा कार्यन्वयन गरिने छ :

क) पूर्वाधार विकास तथा भवन नियमन शाखाले तत्काल मर्मत संभार गर्नु पर्ने भनी स्थलगत रुपमा स्थानीय जनताको माग तथा सोलाई पुष्टि गर्ने प्राविधिक प्रतिवेदन प्राप्त भएकामा मर्मत संभार सम्वन्धी कार्यहरु छनौट गरी कार्यादेश भएको मितिले अअधिकतम १ महिना भित्रमा र्मत संभार गरिसक्नु पर्नेछ ।

# ८. मर्मत संभार कार्य गराउन सक्ने व्यवस्था : १)

गाउँपालिका भित्र रहेका भौतिक पूर्वाधारहरको नियमित मर्मत संभार, पकेट

मर्मत, आवधिक मर्मत संभार स्थानीय उपभोक्ताहरुबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिनेछ। उपभोक्ता उपभोक्ता समितिबाट कार्य गराउँदा गाउँपालिकाबाट स्वीकृत योजना संचालन तथा व्यवस्थापन कार्यविधि र उपभोक्ता समिति निर्देशिका अनुसार गरिने छ। भौतिक पूर्वाधारको नियमित मर्मत संभार, पटके मर्मत संभार, आवधिक मर्मत संभार, आकस्मिक मर्मत संभार सम्वन्धि कार्य कार्यालय आँफैले पनि प्रचलित कानुनहरु बमोजिम गर्न सक्नेछ। साथै स्थानीय साझेदारीको अवधारणालाई आत्मसात गर्न देहाय बमोजिम समेत मर्मत संभार गर्न सकिनेछ।

क) गाउँपालिकाको लागत सहभागितामा सम्पन्न तथा उपभोक्ता समिति मार्फत भएका भौतिक पूर्वाधार कार्यहरुको उपभोक्ता समितिले मर्मत संभारका लागि कुल लागतको ३० प्रतिशत रकम जम्मा गरेमा उक्त कार्य प्राथमिकतामा राखि गर्ने।

ख) सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ९७ को उपनियम १२ अनुसार स्थानीय निकायबाट हस्तान्तरण भएका आयोजनाहरुको हकमा ६० प्रतिशत रकम त्यस्ता उपभोक्ता समितबाट व्यहोर्ने मर्मत संभारका योजनाहरुलाई प्राथमिकतामा राखि छनौट गर्नुपर्नेछ।

# ९. विविध :

१) मर्मत सम्भार कोष संचालन कार्यविधि संसोधन वा खारेज गर्नु परेमा गाउँसभावाट हुनेछ।

२) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख

नभएको

हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएको

हदसम्म स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले,**
**बुद्धिराम उपाध्याय**
**प्रमुख प्रशासकिय अधिकृत**